कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: २९८ | वि.सं. २०८२ फागुन ६ बुधवार | नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष प्रतिपदा | Wednesday 18 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीका १२ निर्वाचन क्षेत्रमा चुनाव :

# खोस्न र जोगाउन दलहरुबीच कडा प्रतिस्पर्धा




## ‘कर्णालीमा पूरानै दलको दबदबा’

मध्यपश्चिम विश्वविद्यालयका पूर्व डीन तथा राजिनितिक विश्लेषक पीताम्बर ढकालले कर्णालीमा हालसम्मको सिनारी हेर्दा पुरानै दलको दबदबा रहेको बताए । ‘म केही समय अघि पूवी नेपालका केही जिल्लाहरुमा कामको शिलशिलामा पुगेको थिए । प्रायः सहरी क्षेत्रहरुमा रास्वपा, राप्रपा लगायतका दलहरुले प्रचार-प्रसार गरेको देखिन्छ’, ढकालले भने, ‘कर्णाली प्रदेशको सुर्खेत जिल्ला बाहेक अन्य जिल्लामा हालसम्म त्यस्तो देखिएको छैन् । कर्णालीका हिमाली जिल्लाहरुमा त पुरानै दलबरुबीच प्रतिस्पर्धा हुनेदेखिन्छ ।’ ढकालले सुर्खेत जिल्लाका

बाँकी ३ पेजमा

**दिनेश बुढा**
**सुर्खेत, ५ फागुन ।**

कर्णाली प्रदेशमा २०७४ र २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा राजनीतिक दलहरू गठबन्धन गर्दै चुनावमा होमिए। जसका कारण १२ वटा निर्वाचन क्षेत्र रहेको कर्णालीमा २०७४ मा नेपाली कांग्रेस र २०७९ मा नेकपा एमाले बढारिए। कर्णाली प्रदेशका १० जिल्लामध्ये सुर्खेत र दैलेखमा २/२ र बाँकी आठ जिल्लामा १/१ वटा निर्वाचन क्षेत्र छन् । नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकतापछि २०७४ मा भएको चुनावमा १२ मध्ये ११ सिटमा उनीहरूका उम्मेदवार विजयी भएका थिए ।

नेपाली कांग्रेस खाली हात भएको थियो । २०७९ को निर्वाचनमा चाहिँ नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीच गठबन्धन हुँदा कर्णालीमा एमाले बढारिएको थियो । २०७४ को चुनावमा कर्णालीमा कांग्रेसको जित शून्य हुँदा नेपाली कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले समेत हार बेहोर्नुपरेको थियो । त्यस निर्वाचनमा एमालेतर्फका ६ र माओवादी केन्द्रतर्फका पाँच तथा स्वतन्त्र एक उम्मेदवारले विजयी भएका थिए । तर, माओवादीसँगको एकता भङ्ग भएपछि २०७९ को निर्वाचनमा कर्णालीमा एमालेको जित शून्य बन्यो । उक्त चुनावमा माओवादी केन्द्र-एकीकृत समाजवादी गठबन्धनसँग तालमेल गरेर अघिल्लो चुनावमा पत्तासाफ भएको कांग्रेसले पुनरागमन गऱ्यो ।

गत प्रतिनिधि सभा निर्वाचनमा कर्णालीका १२ सिटमध्ये गठबन्धनले ११ वटा आफ्नो पोल्टामा पऱ्यो । माओवादीले पाँच, कांग्रेसले चार र एकीकृत समाजवादीका तीन उम्मेदवारले चुनाव जिते । जुम्लामा गठबन्धनका तर्फबाट माओवादी उम्मेदवार गोम कुँवर गौतम मात्र हारिन् । उनलाई राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार ज्ञानबहादुर शाहीले हराए । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण त्यस चुनावबाट गठित प्रतिनिधि सभा विघटन भएकाले करिब २ वर्षअगावै फागुन २१ गते फेरि निर्वाचन हुँदै छ ।

जुन निर्वाचन कर्णालीमा रोचक हुने देखिएको छ । किनकि यसपटक विगतमा जस्तो कुनै पनि दलले गठनबन्धन गरेका छैनन् । अर्थात् एकल रूपमा चुनावी मैदानमा उत्रिएका छन् । जसले गर्दा यसपालिको निर्वाचन विगतमा गठबन्धनबाट चुनाव जितेका नेताहरूको शक्ति परीक्षण हुने भएको छ । १२ सिटका लागि एक सय ३८ उम्मेदवार मैदानमा छन् । यी मध्ये केही उम्मेदवारहरुले अन्य दलका उम्मेदवारलाई सघाएर प्रचार-प्रसारमा जुटेका छन् ।

## दलका आ-आफ्नै दाबी

यस्तै, फागुन २१ गते हुने निर्वाचनमा कर्णालीमा विभिन्न क्षेत्रहरुमा फरक-फरक दलहरुबीच मुख्यप्रस्तिर्धा हुने भएको छ। आगामी निर्वाचनमा दलहरु एक्ला-एक्लै मैदानमा हुँदा कसले बाजी मार्छ यसै भन्ने सक्ने अवस्था छैन् । तर, गत निर्वाचनमा कर्णालीका १२ निर्वाचन मध्ये केही ठाउँमा मात्रै उम्मेदवार उठाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसपटक सबै निर्वाचन क्षेत्रमा उम्मेदवार बनाएको छ । जसले गर्दा एमाले, कांग्रेस र नेकपाको विगतको समिकरणमा फेरबदल गर्नेछ। रास्वपाले आफ्नो प्रचार शैलीलाई आक्रमण तरिकाले अगाडी बढाउँदा पुराना दलहरुलाई आफ्ना मत जोगाउँन मुस्किल बनिरहेको छ। त्यसैमा एमाले, कांग्रेस र नेकपा लगायतका दलमा रहेका नेताहरुले दल परिर्वतन गरेर चुनावमा होमिदा त्यसको प्रभाव पनि पुरानै दललाई पर्ने देखिन्छ । तर, नेपाली कांग्रेस र नेकपा एमाले भने १२ वटै निर्वाचन क्षेत्र जित्ने दाबी गर्छन् ।

नेपाली कांग्रेसका कर्णाली प्रदेश कार्यसमिति सभापति ललितजंग शाही र नेकपा एमाले कर्णाली प्रदेश कमिटि अध्यक्ष गुलाबजंग शाहले आफ्नो दलका उम्मेदवारले जित्ने दाबी गरे । कांग्रेस सभापति शाही कांग्रेसप्रतिको जनातको आकर्षण र जनआधार बलियो भएको बताउँछन्। ‘नेपाली कांग्रेस पुरानो, विश्वासिलो र भरिलो पार्टी हो’, सभापति शाहीले भने, ‘कर्णालीका जनताले हामीलाई अन्यको तुलनामा बढी मत दिन्छन्। नेपाली कांग्रेस कर्णालीमा सबै भन्दा बढी सिट ल्याएर पहिलो दल बन्छ।’ नेपाली कांग्रेसले २०७९ मा बाम लोकतान्त्रि गठबन्धनको बलका जितेका चार वटा सिट जोगाउन मुस्किल पर्ने नेताहरु बताउँछन्। सुर्खेत-१ बाट पूर्णबहादुर खड्का, दुई बाट हृदयराम थानी, दैलेख-२ बाट दिक्पालकुमार शाही र मुगुबाट ऐनबहादुर शाही निर्वाचित भएका थिए ।

तर, अन्य क्षेत्रबाट कांग्रेसलाई

बाँकी ३ पेजमा

## वन्यजन्तुको बढ्दो आक्रमणपछि कतरनियाघाटमा नेपालीलाई प्रवेश निषेध



**सरला सुवेदी**
**बर्दिया, ५ फाल्गुन ।**

भारत-नेपाल सीमावर्ती क्षेत्रमा वन्यजन्तुको आक्रमण बढेपछि भारतीय पक्षले कडा कदम चालेको छ। भारतको बहराइचस्थित कतरनियाघाट वन्यजन्तु संरक्षण क्षेत्र अन्तर्गत धर्मापुर रेन्जपोष्टले घाँस काट्न, दाउरा बटुल्न तथा चरिचरनका लागि नेपाली नागरिकलाई जंगल प्रवेशमा रोक लगाएको जनाएको छ।

वन विभाग, धर्मापुरका वनकर्मी संजय मिश्राका अनुसार पछिल्लो समय जंगलमा घाँस-दाउरा गर्न गएका सर्वसाधारणमाथि बाघ, चितुवा र हात्तीको आक्रमण बढेको छ। "वन्यजन्तुको आक्रमणबाट ज्यानै जाने घटना बढ्न थालेपछि सुरक्षाका लागि प्रवेशमा रोक लगाउन बाध्य भएका हौं," उनले बताए।

उनका अनुसार कतरनियाघाट क्षेत्रमा बाघ, चितुवा र हात्तीको संख्या वृद्धि भइरहेको छ। सीमावर्ती बस्तीमा समेत वनबाट निस्किएका चितुवाले कुकुरसहित घरपालुवा जनावरमाथी आक्रमण गर्ने क्रम बढेको छ। साँझ परेपछि चितुवा बस्तीमा पसेर आतंक मच्चाउने गरेको स्थानीयको गुनासो छ।

मधुवन नगरपालिकाकी सूचना सुनारका अनुसार यसअघि भारतीय वन प्रशासनले पुरुषलाई मात्र प्रवेशमा रोक लगाएको थियो। "पहिले महिलालाई घाँस-दाउरा ल्याउन दिइन्थ्यो, तर अहिले बाघ, चितुवा र हात्तीको त्रासका कारण पूर्ण रूपमा रोक लगाइएको छ," उनले भनिन्।

सीमामा खटिएको सशस्त्र प्रहरी बीओपी तारातालका एक अधिकारीले पनि भारतीय वन क्षेत्रमा वन्यजन्तुको जोखिम बढेकाले नजान आग्रह गर्दा पनि कतिपय स्थानीयले बेवास्ता गर्ने गरेको बताए। सोही कारण भारतीय वन अधिकारीहरूले कडा प्रतिबन्ध लगाएको उनको भनाइ छ।

**सीमावर्ती बासिन्दाको दैनिकी प्रभावित**

घाँस, दाउरा र चरिचरनमा रोक लगाएपछि बर्दियाका सीमावर्ती गाउँका बासिन्दा प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। यस क्षेत्रमा पर्याप्त वन क्षेत्र नभएकाले स्थानीय किसान वर्षौंदेखि भारतीय जंगलमा निर्भर रहँदै आएका थिए।

स्थानीयका अनुसार भारतीय जंगलमा घाँस-दाउरा तथा चरिचरनका लागि जाँदा नेपालीले वनका मुन्सी तथा कर्मचारीलाई खाद्यान्न बुझाउने चलन समेत थियो। तर हालको प्रतिबन्धले दैनिक जीवनयापनमा समस्या थपिएको छ।

सीमावर्ती बासिन्दाले वैकल्पिक व्यवस्था मिलाउन दुवै देशका सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताएका छन्। वन्यजन्तु संरक्षणसँगै स्थानीयको जीविकोपार्जन सुरक्षित गर्ने उपाय खोज्नुपर्ने उनीहरूको माग छ।






## सम्पादकीय....

# चुनावी सुरक्षालाई चुस्त बनाऊ !

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब १५ दिन बाँकी छन् । निर्वाचनको मिति नजिकिएसँगै सरकारले सुरक्षा व्यवस्थालाई चुस्त बनाउन थालेको छ । सरकारको तयारी बमोजिम आसन्न २१ फागुनमा तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षार्थ भर्ना भएका निर्वाचन प्रहरीलाई चुनावमा खटाइएको छ । २३-२४ भदौको जेन-जी आन्दोलनपछि हुन लागेको निर्वाचनलाई सुरक्षित र मर्यादित बनाउँन सरकारले निर्वाचन प्रहरी भर्ना गरेको थियो । दुई निर्वाचन क्षेत्र रहेको सुर्खेतमा एक हजार ६ सय २८ निर्वाचन प्रहरी मतदान केन्द्र र मतदानस्थलको सुरक्षार्थ खटिएका हुन् । सुर्खेत प्रहरीका अनुसार नेपाली प्रहरी र सशस्त्र प्रहरी गरी सुर्खेतमा एक हजार आठ सय ४० निर्वाचन प्रहरी भर्ना भएका थिए । उनीहरुलाई दुई निर्वाचन क्षेत्र अन्तर्गत रहेका विभिन्न ३५ बढी प्रहरी युनिट मातहत रहने गरी खटाइएको छ । उनीहरुले प्रहरीको मातहतमा रहेर निर्वाचन पूर्वका आवश्यक तयारीमा सघाउने छन् भने मतदानका दिन पहिलो सुरक्षा घेरामा खटिने छन् ।

निर्वाचन प्रहरीको मूल लक्ष्य भनेको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनु हो । सुर्खेतका दुवै निर्वाचन क्षेत्रमा नौ सय बढी प्रहरी जनशक्ति खटिने छ भने आवश्यकता अनुसार सशस्त्र प्रहरी र नेपाली सेना निर्वाचन सुरक्षार्थ तैनाथ हुनेछ । निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी र नेपाली सेना यसअघि नै सम्बन्धित निर्वाचन क्षेत्रमा तैनाथ भइसकेको छ । निर्वाचन सुरक्षार्थ खटिएका सुरक्षाकर्मी, निर्वाचन अधिकृत, कर्मचारीहरु आवश्यक सामग्रीसहित १८ गते सम्बन्धित मतदान केन्द्रमा पुग्ने जनाइएको छ । प्रशासनका अनुसार सुर्खेतमा हालसम्म निर्वाचनलाई असर गर्ने कुनै खालका तत्व वा समूह हालसम्म देखा नपरेकाले सुरक्षा चुनौती छैन । जिल्ला सुरक्षा समितिले सुर्खेतका दुवै निर्वाचन क्षेत्रका मतदान केन्द्रहरुको स्थलगत अनुगमन गरिरहेको छ । चुनावका समयमा कुनै अवाच्छित गतिविधि भए तत्काल एक्सन लिने गरी सुरक्षा योजना बनाइएको छ ।

सरकारले निर्वाचनको तयारी अन्तिम चरणमा पुऱ्याएको भएपनि अझै नागरिकमा त्रास भने कायमै छ । जेन-जी आन्दोलनमा मच्चिएको अराजकताले नागरिक सुरक्षा निकायबाट विश्वस्त हुन सकेका छैनन् । यो आफैमा चुनौतीको विषय हो । जबसम्म नागरिकले राज्यका सुरक्षा दिने निकायबाट आफुलाई सुरिक्षत भएको महशुस गर्दैनन्, तबसम्म कुनै पनि निर्वाचन सफल हुन सक्दैनन् । मतदान स्थलमा सुरक्षाकर्मीको बाक्लो उपस्थितीले मात्र मतदान सफल हुन सक्दैन । राज्यले नागरिकको सुरक्षामा चुनौती पुऱ्याउने कुनै पनि तत्व वा समूहलाई निस्तेज पार्न कुनै कसरत बाँकी राख्नु हुँदैन । निर्वाचन भनेको लोकतन्त्रको सुन्दर पक्ष हो । जहाँ नागरिकले आफ्नो मत निर्वाधिरुपमा प्रकट गर्न सक्छन् । यसर्थ, गर्नैका लागि नभई आमनागरिकले अपनत्व लिनेगरी निर्वाचनको वातावरण तय गर्नु राज्यको पहिलो दायित्व हो । भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष मतदानको वातावरण तय गर्न सरकारले कुनै पनि कसरत बाँकी राख्नु हँदैन । नागरिकले सुरक्षितरुपमा मतदान प्रक्रियमा सहभागी हुन पाएमात्रै पाएमात्रै निर्वाचनले बैधता पाउँछ ।

## विश्व

# एआई पूर्वाधारमा भारतको दुई खर्ब डलर रणनीतिक पहल

**नयाँदिल्ली, ५ फागुन ।** आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विश्वव्यापी प्रतिस्पर्धा तीव्र बन्दै गइरहेका बेला भारतले आफूलाई विश्वसनीय एआई साझेदारका रूपमा स्थापित गर्ने लक्ष्यसहित आगामी केही वर्षमा डाटा सेन्टर पूर्वाधारमा दुई खर्ब डलर लगानी भित्र्याउने महत्त्वाकांक्षी योजना अघि सारेको छ । यो पहलले भारतलाई केवल प्रविधि प्रयोगकर्ता मात्र नभई, एआई सेवा र पूर्वाधारको प्रमुख प्रदायक बनाउने दिशामा उन्मुख गरेको छ ।

भारतका इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले एसोसिएटेड प्रेससँगको इमेल अन्तर्वार्तामा भारतलाई 'खुला, किफायती र विकास-केन्द्रित समाधान' खोज्ने ग्लोबल साउथ राष्ट्रहरूको भरोसायोग्य एआई साझेदारका रूपमा हेरिन थालेको बताए । नयाँदिल्लीमा यस साता आयोजित प्रमुख एआई इम्प्याक्ट समिटमा कम्तीमा २० विश्व नेताहरू तथा प्रविधि उद्योगका प्रतिनिधिहरूको सहभागिताले पनि भारतको बढ्दो भूमिकालाई सङ्केत गरेको उनले उल्लेख गरे ।

विश्वव्यापी स्तरमा एआईले रोजगारी, नियमन र कम्प्युटिङ शक्तिको केन्द्रीकरणजस्ता चुनौतीहरू निम्त्याइरहेका बेला भारतले पूर्वाधार निर्माणलाई आफ्नो रणनीतिको केन्द्रीय स्तम्भ बनाएको छ । वैष्णवका अनुसार, सरकारले ३८ हजारभन्दा बढी ग्राफिक्स प्रोसेसिङ युनिट (जिपियु) सहितको साझा कम्प्युटिङ सुविधा सञ्चालनमा ल्याइसकेको छ । यसबाट स्टार्टअप, अनुसन्धानकर्ता र सार्वजनिक संस्थाहरूले उच्च लागत बिना उन्नत कम्प्युटिङ पहुँच पाउन सक्नेछन् । "एआई अनन्य हुनु हुँदैन, यो व्यापक रूपमा पहुँचयोग्य रहनुपर्छ", उनले भने ।

सरकारले डाटा सेन्टर उद्योगलाई प्रोत्साहन गर्न दीर्घकालीन कर छुट घोषणा गरेको छ । यसले नीतिगत निश्चितता दिँदै विदेशी पूँजी आकर्षित गर्ने अपेक्षा गरिएको छ । हाल घोषणा गरिएका ठूला लगानीहरू पनि यही रणनीतिसँग जोडिएका छन् । गुगलले पाँच वर्षमा १५ अर्ब डलर लगानी गर्दै भारतमा आफ्नो पहिलो एआई हब स्थापना गर्ने योजना सार्वजनिक गरिसकेको छ । त्यसपछि माइक्रोसफ्टले चार वर्षमा १७ अर्ब ५० करोड डलर लगानी गर्दै क्लाउड र एआई पूर्वाधार विस्तार गर्ने घोषणा गरेको थियो । अमेजनले समेत २०३० सम्म ३५ अर्ब डलर लगानी गर्दै एआई-सञ्चालित डिजिटाइजेसनलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको छ । यी सबै प्रतिबद्धतालाई दुई खर्ब डलरको व्यापक लगानी पाइपलाइनको हिस्सा मानिएका छन् ।

पूर्वाधार विस्तारसँगै भारतले आफ्नै भाषाहरू र स्थानीय सन्दर्भमा प्रशिक्षित सार्वभौम आधारभूत एआई मोडेल विकासलाई पनि प्राथमिकता दिएको छ । केही मोडेलले विश्वस्तरीय मापदण्ड पूरा गर्दै ठूला भाषा मोडेलहरूसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था पुगेको वैष्णवले बताए । उनका अनुसार भारतले आफूलाई केवल 'नियम निर्माता वा नियम पालक' को भूमिकामा सीमित नराखी, व्यावहारिक र सन्तुलित अन्तर्राष्ट्रिय मापदण्ड निर्माणमा सक्रिय सहभागी बन्ने लक्ष्य लिएको छ ।

# निर्वाचनमा सञ्चार माध्यम



✍ **केशव निरौला**

मुलुकमा आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको माहोल छ । चियापसलदेखि चौतारीसम्म र सामाजिक सञ्जालका भित्तादेखि मिडिया प्लेटफर्मसम्मै अहिले निर्वाचनकै चर्चा छ । निर्वाचन आफैँमा जनताको सार्वभौम अधिकार प्रयोग हुने राजनीतिक प्रक्रिया र 'लोकतन्त्रको प्राणवायु' पनि हो । निर्वाचन आयोगमा दर्ता भएका १३६ दलमध्ये ११४ दल र तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवार मैदानमा देखिएको उत्साहले देश निर्वाचनमय बनेको पाइन्छ । आमनागरिक पनि असल र योग्य प्रतिनिधि चयनका लागि व्यग्र प्रतीक्षामा फागुन २१ लाई कुरेर बसेका छन् । यस्तो उल्लासपूर्ण सहभागितामा हुन लागेको निर्वाचनमा समाजको 'आँखा र कान' मानिएको सञ्चार माध्यमको भूमिका अझ महत्वपूर्ण ठहर्छ । यस विशेष परिस्थितिमा सञ्चार माध्यमको दायित्व, सतर्कता र व्यावसायिक मर्यादाका बहुआयामिक पक्ष बढी जिम्मेवार हुने गर्छन् । सञ्चार माध्यमले 'स्वधर्म' निर्वाह गरेर समाचार, विचार र विश्लेषण सार्वजनिक गर्ने हो भने मात्र निर्वाचनको कसी बलियो हुने देखिन्छ । राज्यको चौथो अङ्ग मानिने पत्रकारिताले समाजको 'वाचडग' का साथै मतदातालाई सही बाटो देखाउने मार्गदर्शकको विशेष भूमिका निर्वाह गर्न सक्नु पर्छ ।

### नैतिक प्रतिस्पर्धामा जोड

निर्वाचनलाई सफल, विश्वसनीय र अर्थपूर्ण बनाउनका लागि मूलतः नैतिक प्रतिस्पर्धा बढाउने प्रकृतिका सामग्री प्राथमिकतासाथ प्रस्तुत गर्नुपर्ने हुन्छ । आममतदातालाई प्रतिनिधि सभा निर्वाचनको वास्तविक महत्व बुझाउने प्रमुख जिम्मेवारी पनि सञ्चार माध्यमकै भएकाले सबैलाई आ-आफ्नो नैतिक आचारणमा रहनका लागि ऊ मार्गदर्शक बन्नुपर्ने हुन्छ । निर्वाचन केवल प्रतिनिधि छान्ने प्राविधिक प्रक्रिया मात्र नभई आगामी पाँच वर्षका लागि देशको दिशा, नीति र भविष्य तय गर्ने महत्वपूर्ण लोकतान्त्रिक अवसर हो भन्ने सन्देश व्यापक रूपमा सम्प्रेषण गरिनु पर्छ । यस्ता विषय सन्दर्भ सम्प्रेषणमा व्यावसायिक आचारण र कुशल जिम्मेवारी यसरी पूरा गर्नु पर्छ भनेर सञ्चार माध्यम स्वयम्ले पनि व्यावहारिक अभ्यास बढाउनुपर्ने भएको छ । स्वच्छ पत्रकारिता भनेर अस्वस्थ प्रतिस्पर्धा गर्दै आमसर्वसाधारणलाई मिथ्या एवं भ्रामक सूचना सम्प्रेषण गर्नेले समग्र पत्रकारितालाई दूषित र आलोचित बनाइरहेका छन् । 'हाम्रो सञ्चार माध्यमबाट होइन, अरूले नै त गलत सूचना सम्प्रेषण गरेका हुन्' भनेर अन्यत्रबाट भए गरिएका गलत कर्मलाई भण्डाफोर नगर्ने प्रवृत्तिले पनि अन्ततः यसको नैतिकतामा ह्रास ल्याइरहेको छ । दल र उम्मेदवारका नीति, कार्यक्रम र प्रतिबद्धतामाथि आलोचनात्मक दृष्टि राख्दै मतदातालाई सचेत बनाउनुपर्ने दायित्वमा भ्रामक विषय सन्दर्भ पस्कने जुनसुकै सञ्चार माध्यमलाई नैतिकताको पाठ सिकाउनुपर्ने अर्को जिम्मेवारी पनि थपिएको पाइन्छ ।

पछिल्लो समय सञ्चार माध्यम दुरुपयोग गर्दै कतिपय उम्मेदवार तथा समर्थकबाट एक-अर्कामाथि गालीगलौज गर्ने, अपमानजनक टिप्पणी गर्ने वा घृणास्पद अभिव्यक्ति दिने प्रवृत्ति बढ्दो छ । अरूलाई बदनाम गरेर आफू सही देखिन खोज्नेले धेरैजसो सामाजिक सञ्जाललाई 'प्लेटफर्म' बनाइरहेका छन् । त्यही प्लेटफर्ममार्फत पत्रकारले समेत समाचारजन्य सामग्री सम्प्रेषण गर्दै अमूक पक्षलाई सहयोग गर्ने कुप्रथा निकै मौलाएको पाइन्छ । प्रत्येक उम्मेदवारलाई मतदातासामु आफ्ना वास्तविक योजना प्रस्तुत गर्दै उत्तरदायी बन्न प्रेरित गर्नुपर्नेमा सञ्चार माध्यम स्वयम् नैतिक सीमारेखा नाघेर भ्रामक प्रचारमा सहभागी हुनु दुर्भाग्यपूर्ण हो । निर्वाचनको प्रतिस्पर्धा गालीगलौजमा नभई विचार, नीति र नैतिकतामा हुनु पर्छ भन्ने कुरा सञ्चार माध्यमबाट प्रवाहित हुने सामग्रीमा स्पष्ट देखिनु पर्छ । निर्वाचनलाई स्वस्थ, निष्पक्ष र विश्वसनीय बनाउनका लागि सञ्चार माध्यमले सनसनीपूर्ण प्रचारमा नभई सत्यमा, आरोपमा नभई तर्कमा र विभाजनमा नभई सहमतिमा आवाज मुखरित गर्नुपर्ने हुन्छ ।

### एआई साक्षरताको प्रवर्धन

अहिले प्रविधिको विकाससँगै कृत्रिम बुद्धि (एआई) मार्फत विश्वजगत्मै नयाँ क्रान्ति आएको छ । एआईले सामाजिक सञ्जालभन्दा पनि कैयौँ गुना छिटो र प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सफल हुँदा त्यसलाई सदुपयोगको सट्टा दुरुपयोग गर्ने क्रम बढिरहेको पाइन्छ । विगतका निर्वाचनमा सामाजिक सञ्जाल 'असामाजिक' नहोस् भनेर फेसबुक र टिकटकसँग सहकार्य गरेको निर्वाचन आयोगले यस पटक झन् एआईको सामना गर्नु परेको छ । एआई आफैँमा सामाजिक सञ्जालभन्दा पनि कैयौँ गुना जटिल र अदृश्य स्वरूपमा छाइरहेको छ । सामाजिक सञ्जालमा भ्रामक सामग्री बनाउनका लागि कम्तीमा पनि मानवीय श्रम र समय लाग्ने हुँदा कतै न कतै मानवीय सोच जोडिन्थ्यो तर अहिलेको एआईसँग त कुनै पनि मानवीय संवेग छैन । यसले केही निमेषमै यस्ता गलत वा मिथ्या प्रचारमुखी भिडियो वा सामग्री उत्पादन गरिदिन्छ, जहाँ आफ्नै उम्मेदवार बोलिरहेको जस्तो दुरुस्तै देखिन्छ । एआईको दुरुपयोगमा आफैँ गलत विवरण खडा गरेर लाइक, सेयर र कमेन्टमार्फत भ्रमको खेती विस्तार हुने गर्छ । सही सामग्री हो कि होइनभन्दा पनि उक्त सामग्री कहाँ बन्यो र कसले बनायो भन्नेसम्म पनि पत्ता लगाउन गाह्रो भएपछि कानुनी कारबाहीको दायरा पनि सङ्कुचित भइरहेको छ ।

एआई चरम उपयोग हुने अहिलेको अवस्थामा सञ्चार माध्यमले आफूलाई प्रत्येक सूचनाको शुद्धीकरण गर्ने यन्त्रका रूपमा उभ्याउन सक्नु पर्छ । कुनै पनि सूचना होडबाजीमा ' पहिले' र 'ब्रेकिङ' गर्ने प्रतिस्पर्धामा सामेल नभई सही र तथ्यपरक सूचना पस्कने धीरता गर्नु नै आजको पत्रकारिताको असली धर्म हो । यसका लागि मिडियाले एआईबाट उत्पादित सामग्रीलाई पुनः तथ्य परीक्षण गर्ने मात्र नभई सञ्जाललगायत अन्यत्र आएका विषयवस्तुको पनि तथ्य परीक्षण गर्दै आमसर्वसाधारणमाझ यथार्थ सूचना सम्प्रेषण गर्नु पर्छ । यसर्थ डिजिटल प्लेटफर्मको दुरुपयोग रोक्न र मतदातालाई भ्रमित हुनबाट जोगाउन तथ्य जाँचलाई जोड दिँदै एआई साक्षरता बढाउनुपर्ने हुन्छ ।

### घोषणापत्रको विश्लेषण

निर्वाचन आयोगले आसन्न प्रतिनिधि सभाको निर्वाचनमा घोषणापत्रलाई अनिवार्य गरी आचारसंहितामा बाँधेको छ । फागुन ४ गतेसम्ममा सबैले आ-आफ्नो घोषणापत्र आयोगमा बुझाउनुपर्ने हुन्छ । घोषणापत्र बुझाउने म्यादपछि मात्र घोषणापत्रका आधारमा चुनावी प्रचारप्रसार गर्न पाउने व्यवस्था छ । त्यतिमात्र नभई अब दलहरूले आफ्ना प्रतिबद्धताको वार्षिक प्रगति प्रतिवेदनसमेत सार्वजनिक गर्नुपर्ने हुन्छ । प्रत्येक उम्मेदवारका यी लिखित प्रतिबद्धता (घोषणापत्र) कत्तिको यथार्थपरक छन् र कत्तिको 'खोक्रा प्रलोभन' हुन् भन्ने कुराको विश्लेषण सञ्चार माध्यमले गरिदिनु पर्छ । प्रत्येक घोषणापत्रले यी-यी कुरा बुझाउँछन् र सो घोषणापत्र अनुशरण गर्ने प्रतिनिधि विजयी हुँदा घोषणापत्रमा उल्लेख भएका यी-यी कुरा पूरा हुन सक्छन् भनेर सञ्चार माध्यमले आमसर्वसाधारणलाई सन्देश प्रवाह गर्नुपर्ने हुन्छ ।

अहिले कतिपय सञ्चार माध्यमले घोषणापत्र आउनुभन्दा अघि नै 'फलानोले जित्यो भने यसो गर्ने, उसो गर्ने भन्नुभयो, अब तपाईंको मत कसलाई ?' भनेर पूरै जनताको वैचारिकतामा प्रहार गरिरहेका छन् । कतिपय अवस्थामा त सञ्चार माध्यममार्फत भविष्यवाणी गर्नेसम्मको कर्म भइरहेको छ । हाम्रो पत्रकारिताले कसले जित्छ भन्ने 'ज्योतिषीय भविष्यवाणी' गर्नुको सट्टा कसको नीतिले देशलाई कुन दिशा दिन्छ वा कता लैजान्छ भन्ने नीतिगत बहसलाई चाहिँ उकास्नुपर्ने हुन्छ । कसको नीतिगत कुरा के छ, पहिले के थियो, अबको सम्भावित घोषणापत्र कस्तो हुन सक्छ भन्ने कुराको खोजी गरेर जनतामाझ सत्यतथ्य नीतिगत कुरा उजागर गर्नुपर्ने भएको छ । व्यक्तिकेन्द्रित समाचार सम्प्रेषणलाई कम गर्दै नीतिगत वैचारिकताको सवाललाई विशेष महत्व दिनुपर्ने समय आएको छ । यसैले चर्चाकै आधारमा कुनै उम्मेदवारलाई 'हेबी वेट' को पगरी भिराउँदै अन्य कैयौँ उम्मेदवारलाई कमजोर देखाउने मात्र नभई तिनीहरूबिचै 'कसले मार्ला बाजी ?' भनेर अड्कलबाजीमा आधारित भएर बढेको मिडिया ट्रायल रोक्नै पर्छ । सामाजिक सञ्जालमा छाउने मिथ्या सूचनाविरुद्ध उम्मेदवारको योग्यता र योजनाका आधारमै आमसर्वसाधारणले मत हाल्न पाउनुपर्ने वातावरण सिर्जना गर्नु पत्रकारिताको परम् धर्म हो ।

### मिडिया सुरक्षा कवचको पालना

प्रेस आचारसंहितालाई पत्रकारिता पेसाको नैतिक मापदण्ड मानिन्छ । खासमा यो आचारसंहिता प्रेस स्वतन्त्रताको प्रभावकारी सुरक्षा कवच हो । अहिलेको निर्वाचनमा सञ्चारकर्मीले पत्रकार आचारसंहिता, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ लाई मार्गदर्शक मानेर काम गर्ने हो भने आफू र आफ्नो पेसाको गरिमा थप उँचो हुन्छ । एउटा पत्रकारले कुनै पनि समाचार लेख्दा 'यो समाचार मेराविरुद्ध लेखिएको भए मलाई कस्तो हुन्थ्यो होला ?' भनेर एक पटक मात्रै सोच्दा पनि धेरै विकृति स्वतः कम भएर जान्छन् । खराब र सही अनि मेरो र अरूको भन्ने जस्ता विषयमा पूर्ण तथ्यपरक बन्दै 'समानुभूतिको सिद्धान्त' अपनाउनुपर्ने हुन्छ । पक्षपातपूर्ण समाचारबाट हुने क्षणिक लाभले अन्ततः समग्र सञ्चार माध्यमको विश्वसनीयतामाथि सधैँ प्रश्नचिह्न खडा भइरहन्छ । आमसचेतवर्गले समाचारको विश्वसनीयतालाई सजिलै छुट्याउन सक्ने हुँदा अबको पत्रकारिताले आचारसंहितागत स्वनियमन र आत्मनियन्त्रणमार्फत सुरक्षा कवच अपनाउनु बढी श्रेयस्कर देखिन्छ ।

अतः आसन्न प्रतिनिधि सभा निर्वाचनको उत्साहपूर्ण माहोलमा लोकतन्त्रको 'आँखा र कान' मानिएको सञ्चार माध्यमले नैतिक प्रतिस्पर्धा प्रवर्धन गर्दै मतदातालाई सही सूचना र नीतिगत बहसमार्फत सचेत बनाउनु अत्यावश्यक छ । एआई तथा सामाजिक सञ्जालबाट फैलिने भ्रामक सामग्री, गालीगलौज र व्यक्तिकेन्द्रित प्रचारलाई निरुत्साहित गर्दै घोषणापत्रको तथ्यपरक विश्लेषण र सूचना प्रमाणीकरणमा मिडियाले विशेष जोड दिनुपर्ने हुन्छ । प्रेस र निर्वाचन आचारसंहिता पालना गर्दै सत्य, तर्क र वस्तुनिष्ठतामा आधारित पत्रकारितामार्फत निर्वाचनलाई स्वस्थ, निष्पक्ष र विश्वसनीय बनाउन सकिन्छ ।

*(गोरखापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२
जिल्ला अस्पताल कालीकोट : ०८७-४४०१३३
जिल्ला अस्पताल दैलेख :

## आजको राशिफल

**मेष** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कामको दायित्व बढ्नेछ ।

**वृष** स्वास्थ्य कमजोर रहनाले समयमा काम गर्न नसकिएला । तर, जिम्मेवारी भने बढिरहनेछन् । बाध्यतापूर्ण काममै समय बित्न सक्छ ।

**मिथुन** तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । कामको चाप बढ्नेछ ।

**कर्कट** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । अतिथिको रूपमा सत्कार पाइनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।

**सिंह** प्रयत्न गर्दा मौकाको फाइदा लिन सकिनेछ । यात्रामा विशेष लाभ होला । शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ । मुद्दा-मामिलामा पनि विजयी भइनेछ ।

**कन्या** समयको गतिलाई पछ्याउन नसक्दा अलि दुःख पाइएला । भौतिक साधन बिग्रनाले पनि लक्ष्य प्राप्त गर्न नसकिएला ।

**तुला** विगतका निर्णयले काम बिग्रन सक्छ । बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्छ ।

**वृश्चिक** सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ ।

**धनु** आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन् । सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्कने सम्भावना देखिन्छ ।

**मकर** आफन्तको साथले उत्साह जगाउने छ। इच्छाशक्ति बढ्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । समय फुर्सदिलो रहनेछ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**कुम्भ** अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । फाइदाका पछि लाग्दा साथीभाइसँग असमझदारी बढ्न सक्छ । खर्च बढ्नुका साथै आर्थिक अभाव देखा पर्न सक्छ ।

**मीन** व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । नयाँ जिम्मेवारी पाइएला । लामो समयदेखि रोकिएको काम बन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ ।

# मुगु कर्णाली हाइड्रोको काम सुरु
# ऊर्जासँगै पर्यटन र अर्थतन्त्रमा सहयोग पुग्ने

**युग संवाददाता**
**बाजुरा, ५ फागुन ।**

लामो समयदेखि कर्णाली नदीमा जलविद्युत् उत्पादनका लागि सम्भाव्यता अध्ययन गरिरहेको कर्णाली हाइड्रोको अध्ययन पूरा भएको छ। सुदूरपश्चिम र कर्णाली प्रदेशको दीर्घकालीन आर्थिक विकासको मुख्य आधार मान्दै १९०२ मेगावाट क्षमताको मुगु कर्णाली हाइड्रो पाँच खर्ब १५ अर्बको कुल लगानीमा निर्माण प्रक्रिया अगाडि बढेको छ।



जलाशययुक्त जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन गरी वातावरणीय प्रभाव मूल्यांकन इआइए अध्ययन प्रक्रिया पनि अघि बढिरहेको छ। परीक्षणका लागि सुरुङमार्ग चारवटा निर्माण हुँदै छन्। वातावरणीय प्रभाव मूल्यांकन इआइए अध्ययनअन्तर्गत स्कोपिङ डकुमेन्ट र टम्स अफ रिफ्रेन्स वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भई परामर्शदाता जेड (एनइडिसी जेभी) का विज्ञ टोलीद्वारा हाल आयोजनास्थलमा बेसलाइन डेटा संकलन भइरहेको छ।

सन् २०२२ बाट सुरु भएको थियो। सम्भाव्यता अध्ययनअनुसार आयोजनामा करिब पाँच खर्ब १५ अर्ब रुपैयाँ लगानी लाग्ने अनुमान छ। २८५ मिटर अग्लो ड्यामसहित करिब ४५ किलोमिटर लामो जलाशय निर्माण हुने आयोजनाले ४५ किलोमिटरको कृत्रिम ताल बनाउनेछ। भूमिगत विद्युत् गृहबाट उत्पादन हुने बिजुलीले ७/७ घण्टा पिकिङ दिने परियोजनाको अध्ययन देखाएको छ। मुगु कर्णाली आयोजना विद्युत् मात्र उत्पादन नगरेर जलाशय क्षेत्रलाई माछापालन, जल पर्यटन, रिसोर्टजस्ता परियोजनमा प्रयोग गर्न सकिने परियोजनाका प्राविधिकले बताए।

मुगु कर्णाली परियोजनाबाट रारा, बडिमालिका, खप्तड, रामरोशन, बुढीनन्दा, कालाजाग्रा नाटेश्वरीलगायतका पर्यटकीय गन्तव्यहरू जोडिने भएकाले सो क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिनेछ। कर्णाली र सुदूरपश्चिममा यो परियोजना पहिलो हो भने हाल अध्ययन भइरहेका जलविद्युत् आयोजनामध्ये दोस्रो ठुलो आयोजना रहेको छ। १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चिसापानीपछि आकार र महत्त्वका हिसाबले मुगु कर्णालीले राष्ट्रिय ध्यान खिच्ने अपेक्षा गरिएको छ।

**परीक्षणका लागि सुरुङमार्ग खन्ने काम तीव्र**

आयोजनास्थलमा तयारीका कामहरू सुरु भएको छ। जस्तै पावरहाउस र ड्याम एक्सेसको दायाँ-बायाँ परीक्षणका लागि चारवटा सुरुङमार्ग खन्ने काम हाल सुरु भइ रहेको परियोजना निर्देशक सूर्यप्रकाश पाण्डेयले जानकारी दिएका छन्। परियोजनाका लागि करिब नौ हजार रोपनी निजी जग्गा खरिद आवश्यक पर्नेछ। इआइएको अन्तिम प्रतिवेदनपछि आवश्यक जग्गाको यकिन गर्न सकिने परियोजना निर्देशक पाण्डेयले बताए। यो परियोजना कर्णाली करिडोर र मार्तडी-कोल्टी सडकसँग जोडिएको स्थानमा पर्छ।

परियोजनाको विद्युत् राष्ट्रिय प्रसारण कम्पनी लिमिटेडले रेंगिल, कालीकोटमा करिब ४५ किलोमिटर लामो ४०० केभी डबल सर्किट प्रसारणलाइन निर्माण गरी हबमा जडान गरिनेछ। मुगु कर्णाली परियोजना सुदूरपश्चिमको बाजुरा र कर्णालीका हुम्ला, कालीकोट, मुगु र जुम्ला क्षेत्रमा फैलिएको छ। प्रभावित क्षेत्रका रूपमा कर्णालीका चार र सुदूरपश्चिमको बाजुरा गरी पाँच जिल्लाका एक नगरपालिका र ११ गाउँपालिका छनोटमा परेका छन्।

परियोजना निर्माण सुरु भएको १० वर्षभित्र सम्पन्न गर्ने उद्देश्य रहेको कम्पनीले जानकारी दिएका छन्। स्थानीयवासी जनक विष्टले भने मुगु कर्णाली हाइड्रोपावरले परियोजनाले हाइड्रोको अध्ययन पूरा गरेको भए पनि बाजुरा जिल्लाबाट राजनीति गर्ने नेताहरूले कर्णाली मुगु हाइड्रोलाई मूल एजेन्डाको रूपमा भने कहिले पनि लिन सकेको छैन।

# बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने उम्मेदवारको सङ्ख्या बढ्दै

**युग संवाददाता**
**काठमाडौँ, ५ फागुन ।**




निर्वाचन आयोगले निर्वाचन खर्च बैंक तथा वित्तीय संस्थाका खातामार्फत गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेपछि उम्मेदवारले धमाधम खाता खोलेका छन्। राजनीतिक दल र उम्मेदवारले चुनावमा खर्च गर्न छुट्टै बैंक खाता खोल्ने व्यवस्था आयोगले गरेको छ। सोही व्यवस्थाअनुसार हालसम्म ६७१ जना उम्मेदवारले बैंक तथा वित्तीय संस्थामा चुनावी खाता खोलेका छन्।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवारमध्ये हालसम्म बैंक खाता खोल्नेको सङ्ख्या ६७१ जना रहेका आयोगको प्रणालीमा सूचना प्राप्त भएको जानकारी दिए।

निर्वाचनमा भाग लिने दल र उम्मेदवारले यसअघिका निर्वाचनमा बैंक खातामार्फत खर्च गर्नुपर्ने अनिवार्य गरिएको थिएन। यस वर्षदेखि भने दल र उम्मेदवारले निर्वाचन खर्च अनिवार्य बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था लागू गरेको हो। बैंकिङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने आयोगको विश्वास छ।

आयोगले विभिन्न आधारमा भूगोलअनुसार उम्मेदवारले रु २५ लाखदेखि ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ। आर्थिक अनुशासनका लागि आयोगले यस्तो व्यवस्था गरेको स्पष्ट पारेको छ। आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैंक खाता खोलिसक्दा सुगम जिल्लाका अधिकांश उम्मेदवारले अझै खाता नखोलेका बताए।

नेपाल राष्ट्र बैंकका अनुसार ७५३ वटै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको शाखा खुलेका छन्। राजनीतिक दल र उम्मेदवारले रु २५ हजारभन्दा बढी रकम बैंक खाताबाट लिने र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। आयोगले सोमबार बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई आमन्त्रण गरी छलफल गरेको थियो। सो छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैंकिङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने बताएका थिए। बैंकसँगको छलफलमा उनले हातहातमा पैसा लिएर चुनावमा खर्च गर्न नपाइने व्यवस्था गरिएको र त्यसकै लागि आयोगले छुट्टै निर्देशिका बनाएको जानकारी दिएका थिए।

# कर्णाली प्रदेशमै ‘सीपमा आधारित प्रथम बृहत् सिकाइ मेला’ हुँदै

**युग संवाददाता**
**सुर्खेत, ५ फागुन ।**

कर्णाली प्रदेशमै पहिलो पटक सुर्खेत वीरेन्द्रनगरमा ‘सीपमा आधारित बृहत् सिकाइ मेला’ सञ्चालन हुने भएको छ। सिक्ने र सिकाउने पद्धतिमा नयाँ आयाम प्रबन्ध हुनेगरी सिद्दपाइला इङ्लिस मिडियम सेकेण्डरी स्कुल वीरेन्द्रनगर-१० सुर्खेतले आफ्नो १८ औं स्थापना दिवसका अवसरमा यही फागुन ७ गते ‘सीपमा आधारित सिकाइ मेला’ सञ्चालन गर्ने भएको हो।

उक्त स्कुलका प्राचार्य नैनसिंह खत्रीका अनुसार अध्ययन अध्यापनक सीपमा प्रवर्द्धन गरी सिकाइ प्रक्रियालाई परिणाममुखी बनाउने ध्येयका साथ मेलाको आयोजना गरिएको बताए। मेलामा सांस्कृतिक परिकार एवं पाकशिक्षा सीप अभ्यास, सांस्कृतिक झाँकी एवं नृत्य सीप अभ्यास, परम्परागत सीप र प्रविधि प्रत्यक्षीकरण, करेसाबारी तथा कौसीखेती अभ्यास, व्यावसायिक तथा मर्मत, आपत्कालीन सुरक्षा, दैनिक जीवन व्यवहार आत्मनिर्भर, आधुनिक विज्ञान तथा प्रविधि, प्रतिभा पहिचान तथा प्रस्तुतिलगायत विविध सीपमूलक अभ्याससँग सम्बन्धित गतिविधि तथा प्रस्तुति राखिने उनले जानकारी दिए।

उक्त कार्यक्रमले परम्परागत रूपमा सञ्चालनमा आएको शिक्षण प्रणालीलाई सूचना र प्रविधिले ल्याएको परिवर्तनसँगै त्यसलाई मानव जीवन व्यवहारमा उतार्न तथा शिक्षामा नवीन प्रविधि तथा अभ्यासलाई प्रयोगमा ल्याउन सहयोग पुग्ने प्राचार्य खत्रीले विश्वास व्यक्त गरे।

# दाङमा तोरीखेतीको क्षेत्रफल र उत्पादन बढ्दै



**युग संवाददाता**
**दाङ, ५ फागुन ।**

यहाँ पछिल्लो समय तोरी उत्पादनमा वृद्धि भएको छ। तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको हो। दाङको तोरी पहिचानका रूपमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए। जिल्लाबाट तोरीको तेलको माग अन्यत्र जिल्लामा धेरै रहेको उनको भनाइ छ।

यहाँको तोरीको माग काठमाडौँ, पोखरा, चितवन, नेपालगन्जलगायत जिल्लामा धेरै रहेको उहाँले बताए। “पहिलेदेखि नै दाङको तोरीको माग बाहिरी जिल्लाबाट धेरै हुने गरेको छ”, प्रमुख भण्डारीले भने। सहज रूपमा बिक्री भएमा किसानको आकर्षण बढ्दै जाने उनको भनाइ छ। “उत्पादन भएको तोरी कुनै पनि किसानलाई बजारको समयस्या नभएकाले पनि किसानको सङ्ख्या तथा क्षेत्रफल बढेको हो”, उनले भने।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइ दाङका तोरी जोनअनुसार क्षेत्रफलसँगै उत्पादन वृद्धि भएको हो। आर्थिक वर्ष २०७९/८० मा तोरी जोनअन्तर्गतको क्षेत्रमा एक हजार २०० हेक्टरमा खेती गरिएको थियो। जसमा एक हजार ९३२ मेट्रिक टन तोरी उत्पादन भएको तोरी जोनका प्रास सूर्यज्योति केसीले जानकारी दिए। आव २०८०/८१ मा एक हजार २०० हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार चार मेट्रिक टन तोरी उत्पादन भएको थियो।

आव २०८१/८२ मा एक हजार २४२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १२३.८२ मेट्रिक टन उत्पादन भएको हो। आव २०८२/८३ मा एक हजार २७८.०२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १९८.१९ मेट्रिक टन उत्पादन भएको छ। प्रतिहेक्टर १.७२ उत्पादकत्व रहेको छ।

# काठमाडौँमा बढ्दै छ वायु प्रदूषण सचेत रहन आग्रह

**युग संवाददाता**
**काठमाडौँ, ५ फागुन ।**

काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको छ। सोमबार मध्याह्नमा १७८ रहेको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) मंलबार मध्याह्नसम्म १९१ पुगेको छ। यो स्तर ‘सबैका लागि अस्वस्थ’ श्रेणीमा पर्छ, जसले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटुरोगीलाई बढी असर पार्न सक्छ।

योससँगै मंगलबार काठमाडौँ उपत्यकाको वायु प्रदूषण अस्वस्थ तहमा पुगिसकेको छ। ‘एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार मंगलबार काठमाडौँ विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ। भारतको दिल्ली २२९ एक्युआईसहित पहिलो र पाकिस्तानको लाहोर २०३ एक्युआईसहित दोस्रो स्थानमा सूचीकृत भएको छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नभए आगामी दिनमा प्रदूषण अझै बढ्न सक्ने बताए। वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने भएकाले लामो समयसम्म सुक्खा मौसम रहँदा प्रदूषणको मात्रा उच्च हुने उनको भनाइ छ। दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको महानिर्देशक सुवेदीले जानकारी दिए।

वातावरण अभियन्ता वर्षा पराजुलीका अनुसार उपत्यकामा सवारीसाधनको तीव्र वृद्धि, डिजेल तथा पेट्रोलबाट निस्कने धुवाँ, निर्माणाधीन सडक तथा पूर्वाधार परियोजनाबाट उड्ने धुलो, साथै वन डढेलो र लामो समयसम्मको सुक्खा मौसमले वायु प्रदूषण बढाएको छ। “यदि समयमै नियन्त्रणका उपाय अपनाइएन भने स्थिति अझ जटिल बन्न सक्छ,” उनले भने।

सुक्खा रहेमा अझ झन् प्रदूषण बढ्न सक्ने भन्दै समयमा नै सचेत हुन समेत पराजुलीले आग्रह गरेका छन्। इन्डेक्सको तथ्याङ्कअनुसार देखि ५० एक्युआई राम्रो (हरियो सङ्केत) तथा ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो सङ्केत) मानिन्छ। त्यसैगरी, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ। यस्तै १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ।

## दलका...

जनताले सरप्राइज दिनेमा उम्मेदवार ढुक्क छन्। कांग्रेस स्रोतका अनुसार कर्णालीमा कममा ६ र बढीमा १० सिट जित्न सकिने आकंलन कांग्रेसको छ। सुर्खेत-१, २, दैलेख-२, डोल्पा, मुगु र हुम्ला सहज रुपमा लिएको छ भने जाजरकोट, सल्यान, दैलेख-१ र जुम्लालाई प्रतिस्पर्धाका रुपमा राखेको छ। एमाले अध्यक्ष शाहले कर्णालीमा एमालेको संगठन बलियो भएको र त्यसैमा दलहरु एक्ला-एक्लै चुनावमा होमिएको हुँदा निर्वाचन जित्न सहज हुने दाबी गरे। तर, एमाले स्रोतका अनुसार थोरैमा चार र बढीमा आठ सिट मात्रै जित्न सक्ने आकलन गरिएको छ। जसमा सुर्खेत र दैलेखका दुबै निर्वाचन क्षेत्र र कालीकोट तथा सल्यान छन्। साथै जाजरकोट, जुम्ला, मुगु र हुम्ला प्रतिस्पर्धाका रुपमा हेरिएको छ। रुकुमपश्चिमा भने एमालेले प्रगतिशील लोकतान्त्रि पार्टीका उम्मेदवार जनार्दन शर्मालाई सघाएको छ। एमाले कर्णाली प्रदेश कमिटी प्रचार विभाग प्रमुख रमेशकुमार शाहीले कर्णाली एमालेको जनआधार बलियो भएकाले अधिकांश निर्वाचन क्षेत्रमा एमालेले जित निकाल्ने दाबी गरे। ‘हाम्रो प्रतिस्पर्धा कांग्रेस र नेकपासँग हो’, शाहीले भने ‘१० जिल्ला मध्ये १/२ बाहेक अन्यमा समानुपातिक मतमा एमाले पहिलो हो।’ नेपाली कम्युनिस्ट पार्टीका नेता तथा पूर्वनेकपा माओवादी केन्द्रका कर्णाली प्रदेश इन्चार्ज कालिबहादुर मल्लले १२ वटै निर्वाचन क्षेत्रहरु मध्ये नौ वटा निर्वाचन क्षेत्रमा जित सुनिश्चत भएको दाबी गरे। ‘पूर्वमाओवादीका सहकर्मी नेताहरुले कुनै असर पर्दैन। १२ मध्ये नौ निर्वाचन क्षेत्रमा नेकपाको जित हुन्छ’, मल्लले भने, ‘अन्यमा संघर्ष गरिरहेका छौँ।’ नेकपा स्रोतका अनुसार रुकुमपश्चिम, सल्यान, जाजरकोट, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, दैलेख-१ र २ चुनाव जित्ने आकंलन नेकपाको छ।

यस्तै, पछिल्लो समय कर्णाली प्रदेशमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीप्रति जनताको आकर्षण बढ्दै गएको रास्वपाका कर्णाली प्रदेश समिति प्रवक्ता हरिप्रसाद अधिकारीले बताए। ‘१२ वटै निर्वाचन क्षेत्रमा हाम्रा उम्मेदवार मजबुत छन्। जनताले पनि मत परिर्वतन गर्न चाहेका छन्’, प्रवक्ता अधिकारीले भने, ‘सबै निर्वाचन क्षेत्रमा हाम्रा नेताहरु रवि लामिछाने र बालेन शाह जाने कार्यक्रम छ। यसले थप उर्जा थप्नेछ।’ यस्तै, रास्वपा स्रोतका अनुसार कर्णालीबाट ८ निर्वाचन क्षेत्रमा चुनाव जितिने आन्तरिक आकंलन छ। त्यसमा कुन-कुन क्षेत्र भन्ने खुल्न बाँकी छ। तर, रास्वपाले सुर्खेत र दैलेखका दुई वटै निर्वाचन क्षेत्र, हुम्ला र सल्यान लगायतमा चुनाव जित्नसक्ने लिस्टमा छन्। तर, सहज भने देखिएको छैन्।

यस्तै, यसपटक जुम्लामा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानबहादुर शाही (ज्ञानेन्द्र) पुनः चुनावी मैदानमा छन्। २०७९ को निर्वाचनमा नेकपा माओवादी केन्द्र, कांग्रेस र एकीकृत समाजवादीबीचको गठबन्धनबाट उम्मेदवार बनेकी माओवादी केन्द्रकी गोमा गौतम (कँवर)लाई भारी मतले पराजित गरेका थिए। शाहीले २२ हजार आठ सय १९ मत प्राप्त गरेका थिए। अहिले उनि पुरानै नारा लिएर चुनावी मैदानमा छन्। यसपटक पनि चुनाव जित्नेमा ढुक्क रहेको शाही निकट स्रोत बताउँछ। प्रवक्ता शाहीले कर्णालीमा तीन वटा सिटमा जित हासिल गर्न सकिने बताए। ‘जुम्लामा विगत भन्दा यसपटक मेरो पक्षमा जनआधार उर्लिएको छ। राप्रपाले कर्णालीका जुम्ला, सुर्खेत निर्वाचन क्षेत्रनम्बर-१ र सल्यान जित्ने सुचिमा छ’, शाहीले भने, ‘दैलेख-१ मा पनि हाम्रो उपस्थिति बलियो छ। सबै ठाउँमा युवा उम्मेदवारहरु हुनुहुन्छ।’ यस्तै, रुकुमपश्चिमा प्रगतिशील लोकतान्त्रिबाट उम्मेदवार बनेका जनार्दन शर्माले विगतदेखिको जितलाई कायम राख्ने दाउमा छन्। त्यसैमा नेकपा एमालेले उनलाई सहयोग गरेको छ। यता कालीकोटमा यसपटक जनद्धयुकालका लडाकु नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बाट खड्कबहादुर विश्वकर्मा ‘प्रकाण्ड’ चुनावी मैदानमा छन्। यस पार्टीको अन्य क्षेत्रमा खासै प्रभाव नभएपनि कालीकोटमा भने पूर्वसहकर्मी नेकपाका उम्मेदवार महेन्द्रबहादुर शाहीलाई टक्कर दिइरकेका छन्।


## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८२/११/०८)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको सूचना अनुसार प्राप्त वोलपत्रहरुमध्ये निम्नानुसार वोलपत्रदाताको वोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त वोलपत्रसँग सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S N | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of Lowest evaluated substantially responsive bid(Excluding vat and PS) |
|---|---|---|---|---|
| 1 | CRM/NCB/ WORKS/08/2082/083 | Saraswoti Primary School Building Construction Works, Chingad -6, Bhorjani | Tripura Rara Construction and Consult Pvt.Ltd., Kohalpur, Banke | NRs. 27,58,545.68 |

नि. प्रमुख प्रशासकीय अधिकृत

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बर्दियामा हिउँदे मकैप्रति किसानको आकर्षण बढ्दो

**युग संवाददाता**
**बाँके, ५ फागुन ।**

बर्दियामा पछिल्लो समयमा हिउँदे मकै लगाउने किसानको संख्या बढ्दै गएको पाइएको छ। मकैबाट राम्रो उत्पादन हुने भएकाले पछिल्लो समयमा हिउँदे मकै लगाउने किसानको संख्या बढ्दै गएको पाइएको हो। केही समयअगाडि खाली हुने गरेको जग्गामा अचेल मकै लगाएको पाइन्छ भने गहुँलगायतका अन्य बाली लगाउने खेतबारीमा समेत मकै लगाउन थालेको देखिन्छ।

विगत तीन वर्षदेखि मकै खेती गर्दै आएका गुलरिया नगरपालिका- ४ का अमर लम्सालले अन्य खेतीबाट भन्दा मकैबाट राम्रो उत्पादन हुने भएकोले मकै खेती गर्दै आएको जानकारी दिए। उनले भने, 'घरमा गाई-भैंसी छन् त्यसका लागि दाना किन्नुपर्दथ्यो। मकै खेती गरेपछि त्यो बाध्यता अन्त्यसमेत भएको छ भने मकैबाट विभिन्न खाद्यान्नको परिकार बन्ने भएकोले खानका लागि समेत मकै प्रयोग हुँदै आएको छ।'

गुलरिया नगरपालिका- ८ का किसान पर्शुनारायण चौधरीले मकैबाट उत्पादन राम्रो हुने भएकोले मकैको खेती गरेको बताए। उनले भने, 'गत वर्ष आठ कट्ठामा मकै खेती गरेको थिएँ, २५ क्विन्टल मकै उत्पादनमा भयो। त्यही भएर अहिले पनि मकै लगाएको छु।' खेतीबाट उत्पादन राम्रो हुने भए पनि समयमा मल नपाउने समस्या छ। मल पाइयो भने पर्याप्त मात्रामा नपाइने गरेको चौधरीले गुनासो गरे।

एकीकृत कृषि तथा पशुपति विकास कार्यालयका कृषि प्राविधिक अधिकृत एवं सूचना अधिकारी फिर्तुमान चौधरीले बर्दियामा गत आर्थिक वर्षमा ०८१/८२ मा चार हजार १७० हेक्टरमा मकै खेती भएको बताए। उनले भने, 'मकैको उत्पादन राम्रो हुने भएकोले पछिल्लो समय किसान मकै खेतीतर्फ आकर्षित हुँदै गएका छन्। औसतमा प्रतिहेक्टर ४.९५ मेटिक्टन मकै उत्पादन हुने गरेको छ।'

# लागुऔषध कारोवारीलाई नियन्त्रणमा लिन प्रहरीको फायर

**युग संवाददाता**
**सुर्खेत, ५ फागुन ।**


सुर्खेत प्रहरीले लागुऔषध कारोवारीलाई नियन्त्रणमा लिन गोली चलाएको छ। गएराति जिल्लाको वीरेन्द्रनगर नगरपालिका-८, मा लागुऔषध कारोवार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरीले हवाई फायर गरेर घटनामा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक (डीएसपी) मोहनजंग बुढथापाका अनुसार पक्राउ पर्नेमा जिल्लाको चिङ्गाड गाउँपालिका-४, ठेगाना भएका ४७ वर्षीय ललित चन्द छन्।

'शंकास्पद अवस्थामा फेला परेका चन्दलाई नियन्त्रणमा लिन खोज्दा प्रहरीमाथि हातपात तथा आक्रमण गरी ठुलो मात्राको लागुऔषध ब्राउनसुगरसहित भाग्न खोजेपछि बल प्रयोग स्वरुप एक राउण्ड हवाई फायर गरेर नियन्त्रणमा लिइएको हो,' प्रवक्ता बुढथापाले भने। उनको साथबाट शुद्ध ३७ ग्राम सात सय ३० मिलिग्राम लागुऔषध ब्राउनसुगर बरामद गरी थप अनुसन्धान थालिएको उनले बताए।

# मतदाता शिक्षाका लागि स्वयंसेवक घरदैलोमा

**युग संवाददाता**
**कञ्चनपुर, ५ फागुन ।**



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी कञ्चनपुरका नौवटै स्थानीय तहमा सोमबारदेखि मतदाता शिक्षाका लागि स्वयंसेवकलाई घरदैलोमा परिचालन गरिएको छ। जिल्लाका तीनवटै निर्वाचन क्षेत्रका ९२ वटै वडामा स्वयंसेवक खटिएका हुन्।

जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरका सूचना अधिकारी भानबहादुर महराका अनुसार मतदाता शिक्षाका लागि बालविकास केन्द्रका सहजकर्तालाई जिम्मेवारी दिइएको छ। विगतका निर्वाचनमा मतदाता शिक्षामा संलग्न र अनुभवी सहजकर्तालाई नै प्राथमिकता दिएर छनोट गरी परिचालन गरिएको उनले जानकारी दिए।

निर्वाचन कार्यालयले नौवटै स्थानीय तहमा एक/एक जना समन्वयकर्ताको व्यवस्था गरेको छ। उनीहरूमार्फत वडामा स्वयंसेवक परिचालन गर्ने व्यवस्था गरिएको छ। निर्वाचनमा बदर मतको सङ्ख्या घटाएर सदर मतको अनुपात बढाउने उद्देश्यले 'शून्य बदर मत' को लक्ष्य राखी यो अभियान सञ्चालन गरिएको सूचना अधिकारी महराले बताए।

# कर्णालीमा...

दुवैवटा निर्वाचन क्षेत्रमा नेकपा एमाले, कांग्रेस, नेकपा, रास्वपा र राप्रपाबीच नै प्रस्पिर्धा हुने देखिएको बताए। उनले भने, 'पछिल्लो समय सुर्खेतको जिल्ला चुनावी सरगर्मी हेर्दा नयाँमा उत्साह तर, पुरानै दलहरुको प्रभाव देखिन्छ।' साथै उनले नयाँ पिढीहरु रास्वपा भन्दै हिड्ने गरेको बताए। 'नयाँ पिढीहरु घण्टी, रास्वापा-र ास्वपा भन्ने गरेको सुनिन्छ। तर, ती भन्नेहरु कतिजनासँग मतदाता नामावलीमा नाम नभएका पनि छन्।' विश्लेषक ढकालले फागुन ७ गते चुनावी सभा लिएर रास्वपा नेताहरु द्धय रबि लामिछाने र बालेन शाह कर्णाली आएपछि देखिने प्रभावले थप सिनारियो बुझिने बताए। ढकालले पछिल्लो समय नागरिकमा राजनितिक चेतनाको विकास बढेको बताए। तर, उनले नेपालको विगतकोदेखिको राजनीति हेर्दा एकै दलको सदस्यले बारम्बार चुनाव जितिरहने परिस्थितिले कर्णालीमा पुनः उनै दलहरुले प्रभाव देखिनसक्ने बताए।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री माया थापा धनी रहेको, दर्ता नम्बर ९४५२/७८/७९ बाट लेकवेसी न.पा-०३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री महेन्द्र कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री मुना थापा धनी रहेको, दर्ता नम्बर ९४५१/७८/७९ बाट लेकवेसी न.पा-०३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री प्रकाश कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- पिरिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- किाम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- शारीरिक सम्बन्धपछि रगत बग्नु।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- शरीर कमजोर हुनु।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- ✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।